## मिति २०८२।०७।०३ गतेको चौथो कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१. मिति २०८२।०६।१८ र १९ गते परेको अविरल वर्षाको कारणबाट भएको मन्सुनजन्य विपद् बाट प्रभावितहरुका लागि देहाय बमोजिमको राहत प्याकेज उपलब्ध गराउने ।

देहाय

क. मिति २०८२।०६।१८ गतेको मनसुनजन्य विपद्को कारण क्षति भएका नगरपालिका क्षेत्रका आवासहरुको मापदण्डका आधारमा पुनर्स्थापना कार्यक्रम अघि बढाउन रु. ५० लाख विनियोजन गर्ने ।

ख. घर पुनर्निर्माणका लागि जग्गा नै नभएका वा जग्गा भएपनि उपयुक्त जग्गा नभएका घरधुरीहरुका लागि उपयुक्त जग्गा पहिचान गरि प्रचलित कानुन बमोजिम जग्गा व्यवस्थापन गर्ने ।

ग. उपभोक्ताहरुको जनश्रमदानको परिचालन गरेर पाइपहरुको प्रयोग गरि तत्कालै संचालन गर्न सकिने कुलोहरुको पहिचान गरि पर्मत गर्न रु. ५० लाख विनियोजन गर्ने ।

घ. कृषिबाली तथा पशुपंक्षीको क्षति भएका कृषकहरुलाई मापदण्डका आधारमा राहत अनुदान उपलब्ध गराउन रु ५० लाख विनियोजन गर्ने ।

ङ. विनिन्न वडाहरुमा क्षतिग्रस्त खानेपानीको मर्मत तथा संचालन गर्नका लागि आवश्यक पाइपहरुको खरिदका लागि रु. ३० लाख विनियोजन गर्ने ।

च. नगर क्षेत्र भित्र पूर्ण रुपमा नष्ट भएका घरधुरीहरुका लागि नगद सहायता उपलब्ध गराउन रु. १०,१०,०००।— विनियोजन गर्ने ।

छ. उपरोक्त पुनर्स्थापनका कार्यहरु अघि बढाउनका लागि आवश्यक पर्ने बजेटका लागि प्रत्येक वडाहरुबाट वडा सिलिङ्गबाट ५ लाख कटौती गरि वडा समितिको निर्णय सहित पठाउने र नपुग बजेट चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका न्यून प्राथमिकताका कार्यक्रमहरु कटौती गरि व्यवस्थापन गर्ने ।

२. मिति २०८२।०७।१८ गते परेको अविरल वर्षाको कारण यस नगरपालिका क्षेत्र भित्र मनसुनजन्य विपद्का कारणबाट पूर्ण क्षति भएका जम्मा १४० घरधुरीहरुका लागी अस्थायी आवास संग संगै शौचालय समेत अत्यावश्यक हुने र उक्त शौचालय निर्माण समेतका लागी नेपाल सरकारबाट उपलब्ध हुने अनुदान वापतको रकम रु ५० हजार पर्याप्त नहुने/अपुग हुने तथा इलाम नगरपालिकाले शौचालय निर्माण गरिदिन समेत बजेट अभावका कारण सम्भव नहुने देखिएकोले पूर्ण क्षति भएका १४० घरधुरीहरुका लागी शौचालय निर्माणका लागी यूनिसेफ नेपालसंग सहयोग माग गर्ने ।

३. मिति २०८२।०५।२३ को नगर कार्यपालिकाको निर्णयानुसार सामी कार्यक्रम संयोजक तथा एम्बुलेन्स चालक पदमा दरखास्त आव्हान गरिएकोमा हाल सम्म पर्याप्त दरखास्त नपरेको हुँदा देहाय बमोजिम गर्ने गरि ७ (सात) दिनको म्याद प्रदान गरि दोस्रो पटक सूचना प्रकाशन गर्ने ।

देहाय

क. सामी कार्यक्रम संयोजक पदको हकमा — साविकको विज्ञापनमा उल्लेख भएका शर्तहरु यथावत राखी सूचना प्रकाशन गर्ने ।

ख. एम्बुलेन्स चालक पदको हकमा — निम्न बमोजिम शर्त संशोधन गरि सूचना प्रकाशन गर्ने ।

अ. शैक्षिक योग्यता : सामान्य लेखपढ गर्न सक्ने

आ. अनुभव : एक वर्ष एम्बुलेन्स चालकको रुपमा कार्य गरेको अनुभव हुनुपर्नेछ ।

४. खानेपानी व्यवस्थापनलाई चुस्त एवं प्रभावकारी बनाउनका लागि खानेपालनी व्यस्थापन अनुगमन समिति देहायका पदाधिकारीहरु रहने गरि गठन गर्ने ।

देहाय

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२।०७।०३ गतेको चौथो कार्यपालिका बैठकको मुख्य निर्णयहरु

पूर्वाधार विकास समिति संयोजक श्री गोपाल चौहान - अध्यक्ष

वडाध्यक्ष श्री दुर्गा श्रेष्ठ — सदस्य

वडाध्यक्ष श्री नरेश श्रेष्ठ - सदस्य

वडाध्यक्ष श्री दलमान तामाङ्ग - सदस्य

५. इलाम नगरपालिका नगर क्षेत्र भित्र वितरण हुने खानेपानीको स्रोतको विकल्पका रुपमा वडा नं ३ स्थित पुवाखोलाको मुहानको संभाव्यता अध्ययन गरि लागत अनुमान तयार गर्ने ।

६. इलाम नगरपालिका वडा नं ०७ स्थित इलाम अस्पतालको इमरजेन्सी ब्लक निर्माणका लागी भारतिय राजदुतावासको सन् २०२५ अक्टोबर १४ मा प्राप्त पत्रानुसार तत्काल भवन निर्माण कार्यको ठेक्का प्रकृया अगाडि बढाउनको निमित्त मेडिकल उपकरणहरुको लागत अनुमान, स्पेशीफिकेशन तयारी तथा जडान, चेकजाँच तथा भेरिफिकेशन लगायतका कार्यहरुका लागी यस कार्यालयमा सम्बन्धित विज्ञ जनशक्ति नभएकोले उक्त कार्यहरुका लागी वायोमेडिकल इन्जिनियर उपलब्ध गराइदिन प्रादेशिक अस्पताल, भद्रपुरसँग अनुरोध गर्ने । प्रादेशिक अस्पताल, भद्रपुरबाट उपलब्ध भएको जनशक्ती (वायोमेडिकल इन्जिनियर) को सम्पुर्ण भ्रमण तथा यातायात खर्च यस कार्यालयले व्यहोर्ने ।

७. इ.ला.म नगरपालकि वडा नं. ६ मा स्वीमीङ्ग पुल सहितको बोटानिकल गार्डेन निर्माणका लागि नगर विकास कोषमा प्रस्ताव गरिएको आयोजनाका लागि आवश्यक पर्ने जग्गाका रुपमा विगत लामो समय देखि नै इलाम नगरपालिकाको संरक्षण र भोगचलनमा रहेको साविक इ.न.पा. ९।ख , कि.नं. २४५, क्षेत्रफल ७-११-०-२ को सिंह बाहिनी गुठीको नाममा दर्ता कायम रहेको जग्गा उपयोग गर्ने निर्णय गरियो ।

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, इलाम, नेपाल
२०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत